# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

मिति : २०८२/०७/२६

**बैठक संख्या :** ०६-२०८२/०८३

**समय :** बिहानको ११:३० बजेदेखि

---

आज मिति २०८२ कात्तिक २६ गते बुधबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खामुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| | श्री रेश्म कुमार राई | ७·वा वडा अध्यक्ष | | |
| | श्री हर्क बा· राई | १·वा वडाअध्यक्ष | | |
| | श्री दिलीप राज दाहाल | वातावरणविद् | ९८५११८४४९० | |
| | | | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या :** ०६-२०८२/०८३

**मिति :** २०८२/०७/२६
**समय :** बिहानको ११:३० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०६/२७ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : बिरिङ खोलाको संशोधित संक्षिप्त वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय ४ : बिरिङ खोलाको संशोधित संक्षिप्त वातावरणीय प्रतिवेदन स्वीकृत गर्ने।

प्रस्ताव ५ : बोलपत्र मूल्याङ्कन समितिको निर्णयका सम्बन्धमा।

निर्णय ५ : रोङ गाउँपालिकाको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८२ कार्तिक १९ गते बुधबारको निर्णयका सम्बन्धमा देहाय बमोजिम गर्ने :

देहाय :

रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले ठेक्का नं. RRM/ILAM/NCB/WORKS/2082/083-04 तथा ठेक्काको नाम : 'Construction of Gravel Road and Installation of Hume Pipe' राखी मिति : २०८२/०६/०८ गते सार्वजनिक सूचना मार्फत बोलपत्र आह्वान गरेको,

निर्धारित समयावधिभित्र पेश हुन आएका बोलपत्रहरुमध्ये S.A.N. Builders Pvt. Ltd, Budhabare, Jhapa ले पेश गरेको आर्थिक प्रस्तावमा कबोल अंक रु. ८९,०९,१५४।९३ (मू. अ. कर र PS सहित उनानब्बे लाख नौ हजार एक सय चौवन्न रुपैयाँ त्रियानब्बे पैसा मात्र) उल्लेख भएको र उक्त रकम अन्य प्रस्तावकर्ताहरुको तुलनामा सबैभन्दा कम रहेको साथै स्वीकृत लागत अनुमानको तुलनामा ४७.१२% ले घटी भएको,

विनोद कुमार आहान
प्रमुख प्रशासकीय अधिकृत

तर उक्त प्रस्तावकर्ताले पेश गरेको Bid Bond मा ठेक्का नं. फरक पारी RRM/ILAM/NCB/WORKS/2082/083-03 ('04' हुनुपर्नेमा) उल्लेख गरेको र ठेक्काको नाममा Barphalayang Barbhanjyang Santipur (Rong Gaupalika Wada No. 1 & 2 Ko Wada Office, 4 No. School & Health post to Main Office Jodne Sadak Barphalyang Khanda ('Santipur Khanda' हुनुपर्नेमा) उल्लेख गरेको। सो बाहेकको कागजात ठीक रहेको,

ग्यारेण्टी जारी गर्ने बैंकसँग समन्वय गर्दा ठेक्का नं. र ठेक्काको नाममा त्रुटि भएको र कार्यालयबाट लिखित रुपमा पत्राचार भएमा सच्याएर पठाइदिने मौखिक रुपमा जानकारी आएको,

अत: अन्य सबै कागजात ठीकठाक रहेको र कार्यालयलाई कम आर्थिक दायित्व पर्ने हुनाले उक्त S.A.N. Builders Pvt. Ltd, Budhabare, Jhapa ले पेश गरेको Bid Bond मा उल्लिखित ठेक्का नं. र ठेक्काको नामको बारेमा प्रष्टताको लागि सम्बन्धित बैंकमा पत्राचार गर्ने र उक्त Bid Bond सच्चिएर आएमा S.A.N. Builders Pvt. Ltd, Budhabare, Jhapa सँग नै योजना सम्झौता गरी योजना कार्यान्वयन प्रकृया अघि बढाउने विषयमा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको स्वीकृतिका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने र गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम गर्ने भनी बोलपत्र मूल्याङ्कन समितिले गरेको निर्णय सदर गर्ने।

<u>प्रस्ताव ६</u> : इ-हाजिरी सिस्टममा विवरण प्रविष्ट गर्ने सम्बन्धमा।

<u>निर्णय ६</u> : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा सामुदायिक विद्यालयहरुमा जडान गरिएका इ-हाजिरीको विवरण हेर्नका लागि हालसम्म निजी कम्पनीहरुको सफ्टवेयर प्रयोग भइरहेको, हाल उक्त सफ्टवेयर लाइसेन्सको म्याद सकिएको, नवीकरण गर्नका लागि रु. ६०,०००।- लाग्ने भएको छ। सफ्टवेयरको सट्टामा नेपाल सरकारले नि:शुल्क रुपमा प्रदान गर्ने सफ्टवेयर प्रयोगमा ल्याउन उपयुक्त देखिन्छ। नयाँ सफ्टवेयर प्रयोग गर्नका लागि सबै कर्मचारी तथा शिक्षकहरुको विवरण पुन हाजिरी सिस्टममा प्रविष्टि गर्न आवश्यक पर्छ। यसका लागि रोङ गाउँपालिका स्थायी बसोबास भई हाल सूचना प्रविधि सम्बन्धी अध्ययन गरिरहेका विद्यार्थीहरुको सहयोग लिएर उक्त प्रविष्टिको काम गर्न उचित हुन्छ। यस कार्यमा खटिने विद्यार्थीहरुलाई व्यवस्थापन खर्च उपलब्ध गराउने।

<u>प्रस्ताव ७</u> : 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' (मेड्पा) सञ्चालन सम्बन्धमा।

<u>निर्णय ७</u> : चालू आर्थिक वर्ष २०८२/०८३ मा 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' सञ्चालनका सम्बन्धमा देहाय बमोजिम गर्ने :

<u>देहाय</u> :

(क) मेड्पा फोकल पर्सनका रुपमा कृषि प्राविधिक श्री मोहन अधिकारीलाई तोक्ने।

(ख) उद्यम विकास शाखासँगको परामर्शमा कार्यक्रम सञ्चालन गर्ने वडा तथा गाउँटोल क्षेत्र छनौट गर्ने।

(ग) उद्यम विकास शाखासँगको परामर्शमा कुन तालिम सञ्चालन गर्ने भन्ने निर्णय गर्ने।

<u>प्रस्ताव ८</u> : स्वास्थ्य शाखाको प्रस्तावहरु सम्बन्धमा।

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

निर्णय ८ : स्वास्थ्य शाखाको प्रस्तावहरु सम्बन्धमा देहायको निर्णय गर्ने :

देहाय :

(क) छिमेकी सूर्योदय नगरपालिका, इलामले प्रयोग गरिरहेको एउटा एम्बुलेन्स यस रोङ गाउँपालिकालाई निःशुल्क रुपमा हस्तान्तरण गर्न इच्छुक भएको बुझिएको हुँदा दिने भनिएको एम्बुलेन्सको कागजात, भौतिक तथा अन्य आवश्यक विषयहरुको जाँचबुझ गरी उक्त एम्बुलेन्स स्वीकार गर्न उपयुक्त भए-नभएको विषयमा प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि स्वास्थ्य शाखा प्रमुख श्री युवराज काफ्लेको संयोजकत्वमा सब इन्जिनियर श्री गुमासिंह सुब्बा र मेकानिकाल इन्जिनियर श्री सौभाग्य थापा सहितको एक कार्यदल गठन गर्ने ।

(ख) रोङ गाउँपालिकाका ६ वटै वडाहरुमा आँखा रोग सम्बन्धी बृहत् स्कृनिङ शिविर सञ्चालन गर्ने । सो बापतको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत बजेटको 'रोगको खोजी (विशेषज्ञ सहितको स्वास्थ्य शिविर)' शीर्षकबाट भुक्तानी दिने । सो शिविर सञ्चालन हुँदै गर्दा खटिने स्वास्थ्य प्राविधिकहरुको लागि खाना खर्च बापत् प्रति व्यक्ति प्रति दिन रु. ७००।- का दरले नगदै भुक्तानी दिने ।

(ग) रोङ गाउँपालिकाका, वडा नं. - ६ स्थित जिर्मले स्वास्थ्य चौकीमा प्रतीक्षालय निर्माण गर्ने । सो बापतको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत बजेटको 'स्वास्थ्य संस्थाको न्यूनतम स्वा सुदृढीकरण तथा निर्देशिकामा उल्लेख भए अनुसारको औजार, उपकरण, सामाग्री खरिद, व्यवस्थापन' शीर्षकबाट भुक्तानी दिने ।

(घ) औषधि तथा औषधीजन्य स्वास्थ्य सामाग्रीहरुको जिन्सी व्यवस्थापनका लागि PAMS V2 प्रणालीबारे स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई २ दिने तालिम सञ्चालन गर्ने । सो बापतको खर्च रोङ गाउँपालिकाको चालू आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत बजेटको 'स्वास्थ्य सचेतना, स्वास्थ्य सम्बन्धी दिवस, समीक्षा, तथ्याङ्क संकलन तथा स्वास्थ्य सम्बन्धी विभिन्न गतिविधिहरु गर्न तथा सशर्त अनुदानका विभिन्न कार्यक्रमहरुमा विनियोजित बजेटमा अपुग भएको बजेटसम्म व्यवस्थापन आवश्यकता अनुसार खर्च गर्न मिल्ने (बास्केट मनी)' शीर्षकबाट भुक्तानी दिने ।

प्रस्ताव ९ : कृषि शाखाको प्रस्तावहरु सम्बन्धमा ।

निर्णय ९ : कृषि शाखाको प्रस्तावहरु सम्बन्धमा देहायको निर्णय गर्ने :

देहाय :

(क) रोङ गाउँपालिका, वडा नं. - २ मा रहेको हात्तीसुँढे पोखरी क्षेत्र, रोङ - ५ स्थित किरात पार्क र देवानछाप डाँडा, रोङ - ६ स्थित झण्डीडाँडामा पर्यटन प्रवर्द्धनको लागि फूल रोपण कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गर्ने । (श्रोत : विविध कार्यक्रम)

(ख) रोङ गाउँपालिकालाई चालू आर्थिक वर्ष २०८२/०८३ को लागि कोशी प्रदेश सशर्त कार्यक्रम अन्तर्गत 'अर्ग्यानिक चिया खेतीको लागि कृषकमा प्राङ्गारिक मल तथा जैविक विषादि उत्पादन कार्यक्रम वडा नं. - ३ र ४' मा इको चिया उत्पादक सहकारी संस्था लि. मार्फत सञ्चालन गर्ने । (बजेट रु.: ४,००,०००।-)

(ग) रोङ गाउँपालिकालाई चालू आर्थिक वर्ष २०८२/०८३ को लागि नेपाल सरकार सशर्त कार्यक्रम अन्तर्गत 'राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम' (बजेट रु.: ९,००,०००।-) कार्यक्रम सञ्चालन गर्न नेपाल सरकार सशर्त अनुदान सम्बन्धी कानूनको अधीनमा रही कृषि विकास शाखाको अगुवाईमा आवश्यक मापदण्ड बनाउने । सम्भावित क्षेत्रको पहिचान गर्ने । माग आह्वान गर्ने । निर्धारित मापदण्डका आधारमा लाभग्राही छनौट गर्ने ।

(घ) रोङ गाउँपालिकालाई चालू आर्थिक वर्ष २०८२/०८३ को लागि प्राप्त 'राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम' (बजेट रु.: ६,००,०००।-) देहायकालाई गर्न दिने :

देहाय :

(क) हरियाली महिला कृषक समूह रोङ - ५ र

(ख) नयाँ बिहानी कृषक समूह रोङ - ४

(ङ) GIES उपकरण जडान गरेको क्षेत्रमा घेराबाराको लागि स्वीकृत स्टिमेटका आधारमा आवश्यक बजेट व्यवस्थापन गर्ने ।(श्रोत : विविध खर्च)

(च) शान्ति निकेतन माध्यमिक विद्यालयको जग्गामा रहेको चिया बगानमा हेरालु व्यवस्थापन गर्नका लागि कृषि विकास शाखाले सम्झौताको ढाँचा तयार गर्ने ।

प्रस्ताव १० : शिक्षा, युवा तथा खेलकूद शाखाको प्रस्तावहरु सम्बन्धमा ।

निर्णय १० : शिक्षा, युवा तथा खेलकूद शाखाको प्रस्तावहरु सम्बन्धमा देहायको निर्णय गर्ने :

देहाय :

(क) 'प्रसुती बिदाको शैक्षिक क्षति न्यूनीकरणका लागि स्वयंसेवक शिक्षक/सहजकर्ता व्यवस्थापन कार्यविधि, २०८२' मा देहाय बमोजिम संशोधन गर्ने :

| क्र. सं. | भएको | हुनुपर्ने |
|---|---|---|
| १ | दफा ३.१ - 'गाउँपालिकाले स्वयंसेवक सहजकर्ता परिचालन गर्न सक्नेछ' | दफा ३.१ - विद्यालयले स्वयंसेवक सहजकर्ता परिचालन गर्न सक्नेछ । |
| २ | दफा १४ - हाजिर गराउनुपर्ने : विद्यालयले गाउँपालिकाबाट नियुक्त भई खटिएको स्वयंसेवकलाई हाजिर गराई जानकारी गाउँपालिकामा पठाउनु पर्नेछ । | दफा १४ - हाजिर गराउनुपर्ने : यस कार्यविधि अनुसार छनौट भएको उम्मेदवारलाई विद्यालयले नियुक्ति र हाजिरी गराई सो को जानकारी ३ दिन भित्रमा रोङ गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखामा पठाउनु पर्नेछ । |
| ३ | दफा १६ - स्वयंसेवक छनौट समिति :<br>१. प्रमुख प्रशासकीय अधिकृत : संयोजक<br>२. शिक्षा शाखाको कर्मचारी : सदस्य,<br>३. शिक्षा शाखा प्रमुख : सदस्य-सचिव | दफा १६ - स्वयंसेवक छनौट समिति :<br>१. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष : संयोजक<br>२. सम्बन्धित विद्यालयको परीक्षा हुने तहभन्दा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षक : सदस्य,<br>३. सम्बन्धित विद्यालयको प्रधानाध्यापक : सदस्य-सचिव |

| | | |
|---|---|---|
| ४ | दफा ३.४ र ३.५, ४, १३ र १४ हटाइएको | |
| ५ | दफा ३.८ र ३.९ थपिएको | |
| ६ | दफा ३.६ को 'रोङ गाउँपालिकाभित्र स्थायी बसोबास नभएको' भन्ने बुँदा हटाइएको | |

(ख) अभिभावक शिक्षा सम्बन्धमा देहाय बमोजिम गर्ने :

- ✓ सम्पूर्ण विद्यालयमा प्रस्तुत हुने अभिभावक शिक्षाको विषयवस्तुमा एकरुपता ल्याउने उद्देश्यले विषयवस्तुसँग सम्बन्धित सामाग्रीहरु मुख्य सहजकर्ताको समूहबाट निर्माण गरी आवश्यकता अनुसार अन्य सहजकर्ताहरुलाई अभिमुखीकरण समेत गर्ने। सो कार्य गरे बापत् मुख्य सहजकर्ता समूहलाई प्रत्येक पटक रु. २,०००/- का दरले रकम उपलब्ध गराउने।
- ✓ सम्बन्धित विद्यालयको सहजकर्तालाई शिक्षा, युवा तथा खेलकूद शाखाबाट सोही विद्यालयमा पनि खटाउन सकिने। अन्यत्र विद्यालयमा जाने सहजकर्तालाई रु. २,०००/- र सम्बन्धित विद्यालयमै खटिने सहजकर्तालाई रु. १,२००/- का दरले पारिश्रमिक उपलब्ध गराउने।
- ✓ काबुभन्दा बाहिरको परिस्थितिमा ३ पटकसम्म विद्यालयमा अनुपस्थित हुने अभिभावकलाई विद्यालयस्तरीय अभिभावक शिक्षा समितिको सिफारिसमा विद्यालयले छात्रवृत्ति, दिवा खाजा र परीक्षाको नतिजा जस्ता सुविधाहरु रोक्का गर्ने।
- ✓ कुनै पनि अभिभावक अनुपस्थित भएमा उक्त अभिभावकको घरमा पुगेर प्रधानाध्यापकबाट खटाइएको शिक्षकले अनुपस्थित हुने कारण जाँचबुझ गर्नेछ र गाउँपालिकाबाट तयार गरिएको देहाय बमोजिमको फाराम समेत भराउनु पर्नेछ :

अभिभावक शिक्षामा अनुपस्थित हुने अभिभावकहरुको लागि भराइने फाराम

विद्यालयको नाम : मिति :

अभिभावकको नाम : कार्यक्रममा अनुपस्थित भएको पटक :

टोल/गाउँ :

१. तपाईँको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? : ..................................................

२. तपाईँ कुन पेशामा आवद्ध हुनुहुन्छ ? : ..................................................

३. अभिभावक शिक्षा भनेको के हो र कहिले सञ्चालन हुन्छ ?

: ..................................................

४. हामीले अभिभावक शिक्षा किन लिनुपर्छ ? : ..................................................

५. यस अघि लिनुभएको अभिभावक शिक्षा कार्यक्रमबाट तपाईँ र तपाईँको बालबालिकालाई के कस्ता फाइदाहरु भए ? : ..................................................

६. तपाईँ अभिभावक शिक्षा कार्यक्रमबाट कति पटक अनुपस्थित हुनुभयो र किन ?

: ..................................................

खटिने :

शिक्षकको नाम :

हस्ताक्षर :

प्रमाणित गर्ने :

प्रधानाध्यापकको नाम :

हस्ताक्षर :

प्रस्ताव ११ : भू-उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा ।

निर्णय ११ : 'भू-उपयोग ऐन, २०७६' को दफा २० र 'भू-उपयोग नियमावली, २०७९' को दफा ५ बमोजिम रोङ गाउँपालिकाको 'भू-उपयोग कार्यान्वयन सिफारिस समिति' को मिति : २०८२/०७/२६ गतेको बैठकले देहाय बमोजिम गर्ने भनी गरेको निर्णयलाई सदर गर्ने :

देहाय :

| क्र. सं. | जग्गाधनीको नाम, थर, ठेगाना | साबिक गा. वि. स. /सि. नं. | कित्ता नं. | हालको वर्गीकरण | वर्गीकरण हुनुपर्ने |
|---|---|---|---|---|---|
| १ | केशर कुमारी खतिवडा | शान्तिपुर ३/क | २५५/२७० | आवास | कृषि |

प्रस्ताव नं. १२

आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १२

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नरेन्द्र कन्दङ्वा, रोङ -५, इलाम | औषधी उपचार | १५,०००।- | |
| २ | आयुषा राई, रोङ - ६, इलाम | औषधी उपचार | २०,०००।- | |
| ३ | नर बहादुर राई, रोङ - १, इलाम | औषधी उपचार | २५,०००।- | |
| ४ | निरमाया राई, रोङ - १, इलाम | औषधी उपचार | १५,०००।- | |
| ५ | चन्द्र बहादुर गोले, रोङ - ६, इलाम | औषधी उपचार | १५,०००।- | |
| ६ | आङमित लाप्चा, रोङ - ६, इलाम | औषधी उपचार | २०,०००।- | |
| ७ | राहसल बालगृह, इलाम | बालगृह व्यवस्थापन खर्च | ५०,०००।- | |
| ८ | चोचोलुङमा हस्तकला उद्योग (वि. वि. राई) रोङ-३, इलाम | सीप विकास सहयोग | १०,०००।- | |
| ९ | नामसालिङ माध्यमिक | विद्यालय स्थापनाको ७५ औं | १०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | विद्यालय, माईजोगमाई - ३, इलाम | स्थापना दिवस आयोजना खर्च | | |
| १० | आयुषा राई, रोङ - ६, इलाम | फूटबल तालिम सहयोग | २०,०००।- | |

प्रस्ताव १३ : विपद् व्यवस्थापन सम्बन्धमा।

निर्णय १३ : मिति : २०८२/०६/१८ र १९ गते परेको भीषण वर्षाका कारणले उत्पन्न विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त रु. ४० लाखबाट देहायका कार्यहरु गर्ने :

**(क) सडकतर्फ**

| क्र. सं. | योजनाको नाम | ठेगाना | कामको विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | निन्दा तल्लो जिर्मले सडक | रोङ - ६ | तारजाली | 60000.00 |
| २ | पहिरो चोक भालुझोडा खोला | रोङ - ३ | तारजाली | 40000.00 |
| ३ | लसुने याङ्ग्रे सडक | रोङ - ३ | सुख्खा वाल | 60000.00 |
| ५ | चैनपुरे लामकटेरी सडक | रोङ - २ | ग्राभेल | 250000.00 |
| ६ | चिन्डेपानी सडक | रोङ - ३ | ग्राभेल | 300000.00 |
| ७ | सुनमाइ हल्लुडे सडक | रोङ - ४ | ह्युम पाइप | 150000.00 |
| ९ | पाटापुर लाप्चेटार थामी गाउँ सडक | रोङ - ६ | ग्राभेल | 250000.00 |
| १० | रोङ - १ सडक मर्मत | रोङ - १ | ग्राभेल | 276000.00 |
| ११ | सरस्वती मा. वि. विद्युत वाइरिङ | रोङ - ६ | वाइरिङ | 112000.00 |
| १२ | मनकामना मन्दिर पहिरो संरक्षण सुक्खा वाल | रोङ - ६ | वाल | 110000.00 |
| १३ | सलकपुर टुप्पा शाखाबाट मर्मत | रोङ - ६ | मर्मत | 100000.00 |
| १४ | विभिन्न स्थानमा तारजाली भर्ने कार्य | रोङ गा. पा. | तारजाली | 60000.00 |
| १५ | सलकपुर सनसिटी सडक | रोङ - ६ | | 100000.00 |
| १६ | फागुने चोकबाट भित्री सडक | रोङ - ६ | | 300000.00 |
| १७ | नाखोपा-मसार-टोक्रेक सडक | रोङ - ५ | | 100000.00 |
| | | | **जम्मा रु.** | **2268000.00** |

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

(क) खानेपानीतर्फ

| क्र. स. | योजनाको नाम | ठेगाना | कामको विवरण | रकम रु. |
|---|---|---|---|---|
| १ | सौरे जौवारी खानेपानी | रोङ – ६ | पाइप खरिद | 41840 |
| २ | याङ्ग्रे छागे खानेपानि योजना | रोङ – ३ | पाइप खरिद | 54080 |
| ३ | मझुवा खानेपानी योजना | रोङ – ३ | पाइप खरिद | 101600 |
| ४ | अकबरे खानेपानी योजना | रोङ – १ | पाइप खरिद | 43264 |
| ५ | लिम्बु गाउँ खानपानी योजना | रोङ – ४ | पाइप खरिद | 87360 |
| ६ | लाप्चेटार पाटापुर खानेपानी योजना | रोङ – ६ | पाइप खरिद | 113728 |
| ७ | सलकपुर खानेपानी योजना | रोङ – ६ | पाइप खरिद | 182880 |
| ८ | पाटापुर निम्बोटे खानेपानी योजना | रोङ – ६ | पाइप खरिद | 21632 |
| ९ | हात्तिसुडे पोखरी खानेपानी योजना | रोङ – २ | पाइप खरिद | 386144 |
| १० | मार्से ( बेपारी पानी ) खानेपानी योजना | रोङ – ३ | पाइप खरिद | 54080 |
| ११ | दुधे फोकेटार खानेपानी योजना | रोङ – ६ | पाइप खरिद | 43264 |
| १२ | नेहित खानेपानी योजना | रोङ – १ | पाइप खरिद | 64896 |
| १३ | लिम्बु गाउँ खानपानी योजना | रोङ – ६ | पाइप खरिद | 32448 |
| १४ | दोकान डाँडा खानेपानी योजना | रोङ – ३ | पाइप खरिद | 102860 |
| १५ | सिस्नेटार खानेपानी योजना | रोङ – ५ | पाइप खरिद | 66208 |
| १६ | बरफल्याङ सिचाइ | रोङ – २ | पाइप खरिद | 63232 |
| १७ | बरफल्याङ सिचाइ दोस्रो | रोङ – २ | पाइप खरिद | 32448 |
| १८ | नेहित खानेपानी | रोङ – १ | पाइप खरिद | 56576 |
| १९ | सिरिसे खानेपानी | रोङ – १ | पाइप खरिद | 26272 |
| २० | बडहरे खानेपानी | रोङ – १ | पाइप खरिद | 52416 |
| २१ | खर्बन खानेपानी | रोङ – १ | पाइप खरिद | 17280 |
| २२ | चामेटार बेसी खानेपानी | रोङ – १ | पाइप खरिद | 33472 |
| २३ | अल्मलेटार खानेपानी | रोङ – १ | पाइप खरिद | 54080 |
| | | | **जम्मा रु.** | **1732060** |

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्ताव १४</u> : विभिन्न वडाका सडक मर्मत तथा स्तरोन्नती गर्ने सम्बन्धमा।

<u>निर्णय १४</u> : मिति : २०८२/०६/१८ र १९ गते परेको भीषण वर्षाका कारणले यस रोङ गाउँपालिकाका विभिन्न वडाहरुका सडकमा क्षति भएकोले देहाय बमोजिम स्वीकृत लागत अनुमानका आधारमा मर्मत तथा स्तरोन्नती गर्ने :

<u>देहाय</u> :

| क्र. सं. | सडक/योजनाको नाम | स्वीकृत लागत अनुमान रु. | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. १, २ र ३ का विभिन्न सडकहरु | ९,९८,४५८।१२ | वडा नं. १ तर्फको 'दिगो विकास' बाट रु. ४,८६,०७०।- | |
| | | | वडा नं. २ तर्फको 'दिगो विकास' बाट रु. ३,१८,५६२।१२- | |
| | | | वडा नं. ३ तर्फको 'दिगो विकास' बाट रु. १,९३,८३०।- | |
| २ | वडा नं. ६ को सडक मर्मत | ९,९०,०१२।२८ | वडा नं. ६ तर्फको 'दिगो विकास' बाट रु. ९,९०,०१२।२८ | |
| ३ | वडा नं. २, ४, ५ र ६ का विभिन्न सडक मर्मत | ६,९०,०००।- | वडा नं. २ तर्फको 'दिगो विकास' बाट रु. २,३७,५००।- | |
| | | | वडा नं. ४ तर्फको 'दिगो विकास' बाट रु. ३२,५००।- | |
| | | | वडा नं. ५ तर्फको 'दिगो विकास' बाट रु. २,४२,५००।- | |
| | | | वडा नं. ६ तर्फको 'दिगो विकास' बाट रु. १,७७,५००।- | |

प्रस्ताव १५ : वडा नं.-२ को वडा कार्यालय भवन मर्मत गर्ने सम्बन्धमा।

निर्णय १५ : मिति : २०८२ भदौ २४ गतेको जेन-जी आन्दोलनका क्रममा आगलागी तथा तोडफोड भएकोमा स्वीकृत लागत अनुमानका आधारमा वडा नं.-२ को वडा कार्यालय भवन मर्मत सम्भार गर्ने। (स्रोत : विपद् व्यवस्थापन कोष)

प्रस्ताव १६ : हेरालु/सहयोगीहरु खटाउने सम्बन्धमा।

निर्णय १६ : यस कार्यालय र सिद्धि हाइड्रोपावर लिमिटेड नक्साल काठमाडौं बीच रोङ गाउँपालिकाको 'संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यविधि २०८१' बमोजिम रोङ गाउँपालिका , वडा नं. - ६ को बरडाँडादेखि तातोपानी जाने सडक र सोही वडाको स्कुलडाँडादेखि साबिक ५ नं. जाने सडक ग्राभेल गर्ने प्रयोजनका लागि समझदारी भएकोमा त्यसलाई अनुमोदन गर्ने। उक्त सडकहरु स्तरोन्नति गर्ने क्रमममा आवश्यक सरसहयोग गर्ने गरी साइट इन्चार्ज तथा सम्बन्धित वडा अध्यक्षको समन्वयमा ३ जना हेरालु खटाउने र निजहरुलाई डोर हाजिरी तथा आवश्यक कागजातका आधारमा अदक्ष कामदारको ज्याला उपलब्ध गराउने। (श्रोत : करार सेवा शुल्क)

प्रस्ताव १७ : विपद् व्यवस्थापन अन्तर्गत विभिन्न वडाहरुको खानेपानीसँग सम्बन्धित कार्यहरु गर्नका लागि संयुक्त उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा।

निर्णय १७ : मिति : २०८२/०६/१८ र १९ गते परेको भीषण वर्षाका कारणले उत्पन्न विपद् व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त रु. ४० लाखमध्येबाट भुक्तानी हुने विपद् व्यवस्थापन अन्तर्गत स्वीकृत लागत अनुमानका आधारमा वडा नं. १ देखि वडा नं. ५ सम्मका वडाहरुको खानेपानीसँग सम्बन्धित कार्यहरु गर्नका लागि वडा नं. १ देखि ५ सम्मका वडाहरुबाट समावेश हुनेगरी देहाय बमोजिम संयुक्त उपभोक्ता समिति गठन गर्ने :

देहाय :

१) श्री सोम बहादुर राई, (वडा नं. - १) : अध्यक्ष
२) श्री निर्मला लिम्बू, (वडा नं. - २) : सचिव
३) श्री हेमराज भुजेल, (वडा नं. - ३) : कोषाध्यक्ष
४) श्री दिल कुमार राई, (वडा नं. - ५) : सदस्य
५) श्री देविका कार्की, (वडा नं. - २) : सदस्य
६) श्री मिना कुमारी राई (वडा नं. - ४) : सदस्य
७) श्री ज्ञान कुमारी लाप्चा, (वडा नं. - ३) : सदस्य

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

विनोद कुमार चौहान
प्रमुख प्रशासकीय अधिकृत